नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः २४, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

**सिद्धलेक गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ लाई संसोधन गर्न बनेको कार्यविधि,२०७९**

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

सिद्धलेक गाउँपालिकाको उपभोक्त समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

सिद्धलेक गाउँ कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सिद्धलेक गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी (प्रथम) संशोधन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. सिद्धलेक गाउँपालिकाको उपभोक्त समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को दफा ७ मा संसोधनः** सिद्धलेक गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ (मुल कार्यविधि) को दफा ७ को उपदफा ३ को वाक्यांश हटाई उपदफा ४ थप गरिएको-

उपदफा (४) आयोजनाको प्रकृति हेरी उपभोक्ता समितिले लागत सहभागिता अन्तर्गत देहाय अनुसार लागत बेहर्नुपर्नेछ।

(क) उपभोक्ता सहभागिकता ५ देखि १० प्रतिशत सम्म

(ख) श्रम उपयोग हुनेमा १० प्रतिशत

(ग) सामाग्री खरिदमा ५ प्रतिशत

सिद्धलेक गाउँपालिका